हेटौंडा उपमहानगरपालिकाद्वारा प्रकाशित

# हेटौंडा राजपत्र

| खण्डः३ | सङ्ख्याः३ | मितिः २०७६/०५/३० |
|---|---|---|

**भाग-३**

**हेटौंडा उपमहानगरपालिका**

## नो होम डेलिभरी कार्यक्रम सम्बन्धी मापदण्ड, २०७६

कार्यपालिकाबाट स्वीकृत मिति : २०७६।०५।०६

प्रमाणीकरण मिति : २०७६।०५।३०

२०७६ सालको मापदण्ड नं. ३

हेटौंडा राजपत्र

## प्रस्तावना

उपमहानगरपालिका क्षेत्रभित्र कुनै पनि महिला असुरक्षित किसिमबाट घरमै प्रसुति नभई नजिकको स्वास्थ्य संस्थामाबाट प्राप्त हुन सक्ने प्रसुति प्रक्रियाको अवलम्वन एवम् त्यस तर्फ गर्भवती महिलाहरुलाई प्रोत्साहन गर्न प्रसुति पूर्व स्वास्थ्य परीक्षणका लागि र प्रसुतिका बखत स्वास्थ्य संस्थासम्म जांदा लाग्ने यातायात खर्च सोधभर्ना उपलब्ध गराउने उद्धेश्यले प्रक्रियागत व्यवस्था गर्न वाञ्छनिय भएकोले हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको मिति २०७६।०५।०६ को बैठकबाट स्वीकृत गरी यो मापदण्ड जारी गरिएको छ ।

## परिच्छेद १

### १. संक्षिप्त नाम र प्रारम्भः

क) संक्षिप्त नाम : यस निर्देशिकाको नाम **नो होम डेलिभरी कार्यक्रम सम्बन्धी मापदण्ड, २०७६** रहनेछ।

ख) यो निर्देशिका नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

### २. परिभाषा :

क) "नो होम डेलिभरी कार्यक्रम" भन्नाले हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र प्रसुति हुने महिलाहरुले घरमा नवजात शिशुको जन्म नगराई स्वास्थ्य संस्थाबाट प्रसुति गराउने कार्यलाई जनाउनेछ ।

ख) "कार्यपालिका" भन्नाले हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकालाई जनाउनेछ ।

## परिच्छेद २

### ३. नो होम डेलिभरी कार्यक्रमको भुक्तानी प्रकृया, व्यवस्थापन र मापदण्ड :

१) यो सुविधा हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र स्थायी रुपमा बसोबास गरेका व्यक्तिले मात्र प्राप्त गर्नेछन ।

२) यो कार्यविधि अनुसारको सुविधा मिति २०७६।०४।०१ देखि चालु आ.व.को अन्तसम्मको अवधि बीचमा जन्म भएकाको हकमा मात्र लागु हुनेछ ।

३) शिशु जन्मिएको ३५ दिनभित्र शिशुको जन्मदर्ता सम्बन्धित वडा कार्यालयमा गराएको हुनुपर्नेछ । जन्मदर्ता गर्दाको अवस्थामा यो सुविधाबापतको रकम वडा कार्यालयबाट उपलब्ध गराइनेछ । ३५ दिनपछि जन्मदर्ता गर्न आएमा यो सुविधा उपलब्ध हुने छैन ।

४) जन्मदर्ता गर्न आउंदा जुन स्वास्थ्य संस्थामा शिशु जन्मिएको हो, सोही स्वास्थ्य संस्थाको जन्म प्रमाणित गरेको कागजात समेत लिई आउनु पर्नेछ ।

५) यो सुविधाबापतको यातायात खर्च रकम प्रति जन्ममा (जुम्ल्याहा शिशु जन्म हुंदा समेत) रु.१,०००।०० हुनेछ । तर १९ नं. वडाको लेकपानी, कुवापानी, डुमारे, बांसघारी, ज्यामिरे, झ्यारथुमगुम्बा डांडा, सिरानचोक बेशी, पन्धसोला, सेरसेर, १ नं. वडाको नकौली, घ्यांगसिंगटार र त्यसैगरी वडा नं १५, १६ र १८ का चिप्लेटी, बाँसघारी, शक्ति लगायत चुरे दक्षिण पानी ढलोका बस्ती जस्ता दूर्गम भेगका बासिन्दाहरुको हकमा रु.२,०००।०० हुनेछ ।

६) यो सुविधा प्राप्त गर्न शिशुको जन्म अनिबार्य रुपमा जिल्लाभित्रका स्वास्थ्य संस्थामा भएको हुनु पर्नेछ । तर स्वास्थ्य संस्थाले रिफर गरेको अवस्थामा जिल्ला बाहिर स्वास्थ्य संस्थामा बच्चा जन्माएको अवस्थामा बील बमोजिमको एम्बुलेन्सको एकतर्फी भाडा भुक्तानी हुनेछ ।

७) वडा समितिमा जन्मदर्ताका लागि निर्धारित अनुसूची फाराम भरेर बुझाउंदा अनिवार्य रुपमा अनुसूची फाराम साथ स्वास्थ्य संस्थाबाट लिएको जन्म प्रमाणित कागजातको प्रलिलिपी र सुचकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी पेश गर्नु पर्नेछ ।

८) यो सुविधाबापतको रकम लाभग्राहीले सम्बन्धित वडाबाट जन्मदर्ता गर्दाकै समयमा नगद रुपमा प्राप्त गर्नेछन ।

९) सुविधाबापत उपलब्ध गराएको रकमको अभिलेख रजिष्टरमा अनुसूची-१ बमोजिमको ढांचामा मासिक रुपमा छुट्टा छुट्टै सम्बन्धित वडा सचिवले आवश्यक कागजात सहित सुरक्षित ढंगले राख्नु पर्नेछ । भुक्तानी गरिएको रकमको सोधभर्ना हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयसंग माग गर्दा अनुसूची-१ बमोजिमको ढांचामा विवरण तयार गरी अभिलेखको प्रतिलिपी संलग्न गरी अनुसूची-२ बमोजिमको माग निवेदन पेश गर्नु पर्नेछ ।

१०) वडा कार्यालयबाट लाभग्राहीलाई उपलब्ध गराइएको रकमको सोधभर्ना वडा कार्यालयले चौमासिक अवधि समाप्त भएपछि उपमहानगरपालिकाबाट माग गर्नु पर्नेछ ।

११) यस सुविधाबापत प्राप्त गरेको रकमको प्रयोग नवजात शिशु तथा आमाको स्वास्थ्य, पोषण लगायत अत्यावश्यक पक्षमा खर्च गर्नु सम्बन्धित लाभग्राहीको कर्तव्य हुनेछ ।

१२) यो सुविधा वापतको रकम सम्बन्धित व्यक्ति वा निजको एकाघरको नजिकको सदस्यले भुक्तानी लिन सक्नेछ ।

**परिच्छेद ३**

**४. कार्यक्रमको खर्च :**

क) हेटौंडा उपमहानगरपालिकाले नो होम डेलिभरी कार्यक्रम अन्तर्गत यातायात खर्च सोधभर्नाको लागि आवश्यक वजेटको व्यवस्था गर्नेछ ।

ख) उक्त कार्यक्रमको उपमहानगरपलिकाको अधिकारप्राप्त अधिकारीबाट अनुगमन हुनेछ ।

ग) नेपाल सरकारको सुरक्षित मातृत्व कार्यक्रमलाई सहयोग पुग्ने गरी सोसँग नबाझिने गरी कार्यान्वयन गरिने छ र बाझिएमा सो हदसम्म समायोजन गरिनेछ ।

हेटौंडा राजपत्र

**अनुसूची-१**

## नो होम डेलिभरी कार्यक्रम अन्तर्गत प्रदान गरिने यातायात खर्च भुक्तानीको अभिलेख

## आ.व. ................

वडा नं. :......

महिना : ............

| सि.नं. | लाभग्राहीको नाम, थर | ठेगाना | बच्चाको विवरण | | | | भुक्तानी रकम रु. | रकम बुझ्नेको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|
| | | | बच्चा जन्मिएको स्वास्थ्य संस्था | जन्म मिति | जन्मदर्ता मिति | कति औं सन्तान | | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |

प्रमाणित गर्नेको सही :

**अनुसूची-२**



हेटौंडा राजपत्र

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू

हेटौंडा उपमहानगरपालिका,

नगर कार्यपालिकाको कार्यालय

विषय : रकम भुक्तानी माग सम्बन्धमा ।

यस उपमहानगरपालिकाको नो होम डेलिभरी कार्यक्रम अन्तर्गत ........ चौमासिक अवधिमा प्रसुति भएका यस वडाभित्रका सुत्केरी महिलाहरुलाई स्वीकृत मापदण्ड बमोजिम उपलब्ध गराइएको यातायात खर्च (सोधभर्ना) देहाय बमोजिम वडा कार्यालयबाट वितरण गरिएको हुंदा उक्त रकम भुक्तानी पाउन अभिलेख उतारको प्रतिलिपी समेत संलग्न राखी यो निवेदन पेश गरेको छु ।

**विवरण :**

लाभग्राहीको संख्या :........................

वितरित कूल रकम रु. : .................

संलग्न : अभिलेखको प्रतिलिपि पाना थान १ (एक) ।

निवेदक,

....................................

**प्रमाणीकरण गर्ने**
**नाम थर : भगवान अर्याल**
**पद : प्रमुख प्रशासकीय अधिकृत**
**पृष्ठ संख्या : १०**
**मिति : २०७६।०५।३०**

हेटौंडा राजपत्र